Jana Aakash
National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १०, २०७६ साल असोज २८ गते मंगलबार (Oct, 15, 2019) | www.janaakash.com.np | मुल्य रु १०।-

## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो

## हार्दिक मंगलमय शुभकामना



बच्चु पौडेल (अध्यक्ष)


**हिमालय सिमापार वाणिज्य संघ**

# सिचिन् फिङ्ग भ्रमणले दिएको सन्देश

**मोहन कार्की**

काठमाडौं। यही २५ गते चीनका राष्ट्रपति सी.चिन फिङ नेपालको निमन्त्रणामा २ दिने राजकीय नेपाल भ्रमणमा आउनुभएको थियो। राष्ट्रपति सि आउने तय भएपछि काठमाडौंका मुख्य शहर बेहुली झैं सिगारेर चिटिक्क पारिएको थियो। सवारी आवगमन, हवाइ यातायात सूरक्षााको लागि सि. नेपाल प्रवेश गर्ने क्रममा केही रुटहरु २ घण्टासम्म बन्द गरिएका थिए। सि नेपालको एयरपोर्टमा पुग्नु अगावै नेपालका परराष्ट्रमन्त्री प्रधानमन्त्री, उपराष्ट्रपति, राष्ट्रपति सरकारी उच्च ओहोदामा रहेका कर्मचारीहरु सिको स्वागतका लागि पुगेका थिए।

नेपालमा चीनबाट उच्चस्तरको भ्रमण २३ वर्षपछि भएको हो। नेपालले चीनका राष्ट्रपतिलाई अर्न्तराष्ट्रिय स्तरको राष्टि्रय सम्मान दिइएको थियो। एयरपोर्टमा सि ओर्लनुभएपछि चिनका राष्ट्रपतिलाई नेपाली सेनाले २१ तोपको सलामी अर्पण गरेको थियो भने गारद सम्मान समेत दिएको थियो। त्यसपछि



एयरपोर्ट, सिनामंगल, तीनकुने नयाँबानेश्वर, माइतीघर, त्रिपुरेश्वर हुँदै सीलाई कडा सुरक्षाका साथ सोल्टी होटलमा पुर्याइएको थियो सी भ्रमण गर्ने क्षेत्रमा नेपालका कलाकारहरुको नेपालको मौलिक कला, सस्कृति झल्कने गरी गीत, गाएर नाच समेत प्रस्तुत गरिएको थियो। त्यो सबै वातावरण बनाएको देख्दा नेपालले चीनलाई असल छिमेकी राष्ट्र चीनको सम्मान गरेको सहजै बुझ्न सकिन्थ्यो।

**नेपाल र चीनका राष्ट्रपतिबीच भेट**

२५ गते नै चीनिया राष्ट्रपति र नेपालका राष्ट्रपति बीच नेपालको राष्ट्रपति कार्यालय सितल निवासमा भेटघाट भएको थियो। भेटघाटमा दुवै तर्फबाट राष्ट्रियस्तरको आपसी सम्बन्ध विकास र नेपाल चीन विगत लामो समयदेखि दौत्य सम्बन्ध रहदै आएको स्मरण गर्दै हाल चीनले गरेको प्रगति र विश्वका शक्तिशाली राष्ट्र बन्न सकेको चीनको अनुभवबाट नेपालले पनि केही प्रेरणा लिनुपर्ने जस्ता विषयहरु नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीले चिनको रेललाई नेपालसँग जोडन आग्रह गर्नुभएको थियो भने चीनका राष्ट्रपति सि.चिन फिङले हिमाली क्षेत्रको रेलको लागि अध्ययन गर्ने बताएका थिए।

दुई दिने नेपाल भ्रमणका क्रममा चीनका राष्ट्रपतिसँग पूर्व प्रधानमन्त्री तथा नेपाली काग्रेसका सभापति सेर बहादुर देउवा, पूर्व प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री के.पी शर्मा ओलीसँग भेटघाट गर्नुभएको थियो भने नेपाल सरकारको

बाँकी ६ पृष्ठमा

## नेकपा (माले)द्धारा सिचिनफिङ्गको स्वागत

काठमाडौं। छिमेकी राष्ट्रका  राष्ट्रपति सि जिनपिङको नेपाल भ्रमणलाइ नेकपा(माले)ले स्वागत गरेको छ। उसले आज एक विज्ञप्ति जारी गदै मार्टी माहासचीवद्धारा हस्तक्षरितमा भनिएको छ। मित्रतापुर्ण नेपाली जनताको माझमा उभिइ म, नेकपा ( माले )को नेतृत्व एवम पार्टी पङतिको तर्फवाट र अफ्नै तर्फवाटसमेत , महामहिम सी चिनफिङलाई हार्दिक स्वागत गर्दछु।




**प्रेस विज्ञप्ति हेर्नुस जस्ताको तस्तै**


नेपालका राष्ट्रपतिको निमन्त्रणामा नेपाल प्रतिको मित्रता र असल छिमेकी भावनालाई प्राथमिकता दिदै नेपाल सँगको आपसी समझदारी, विश्वास र सहयोगलाई उच्चस्तरमा पुर्याउने उदेश्य लिई मित्र राष्ट्र जनवादी गणतन्त्र चीनका राष्ट्रपति महामहिम सी चिन्फिङ नेपालको दुई दिवसीय राजकीय भ्रमणको निम्ति आज अपरान्ह काठमाडौंमा उत्रदै हुनुहुन्छ।

मित्रतापूर्ण नेपाली जनताको माझमा उभिई म, नकपा ( माले )को नेतृत्व एवम् पार्टी पङतिको तर्फवाट र आफ्नै तर्फवाट समेत , महामहिम सी चिनफिङलाई नेपाल भ्रमणमा हार्दिक स्वागत गर्दछु।

यो जनगणतन्त्र चीनको सर्वोच्च तहवाट २३ वर्षपछि भइरहेको राजकीय भ्रमण हो। बर्तमान विश्व स्थिति प्रतिस्पर्द्धा, द्धन्द र चुनौतिहरुबाट मात्र भरिएको छैन, यो अवसरहरुबाट समेत युक्त रहेको छ। मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपतिको यो भ्रमण नेपाल तथा चीन बीचका विश्वास, मित्रता तथा सहयोगलाई उच्चस्तरमा पुर्याउर्दै समृद्धिमा साझेदारी गर्ने बिश्व मानव समाजको निर्माण'मा योगदान गर्न सफल हुन सकोस् भनी हार्दिक कामना गर्दछु।

नेपाली तथा चिनियाँ जनता बीचको मित्रता र नेपाल तथा चीन सरकार बीचको कुटनैतिक सम्बन्ध निरन्तर मौलाइरहोस। धन्यवाद !



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### सिन्धुपाल्चोक दुर्घटना जस्ता अरु नघटुन्

नेपालीहरुको महान पर्व विजया दशमी मनाएर काठमाडौं फर्कदै गरेको बस दुर्घटना हुँदा ११ जनाको घटनास्थलमै मृत्यु भएको छ भने ५० भन्दा बढी घाइते भएर विभिन्न अस्पतालहरुमा उपचार गराइरहेका छन् । त्यस्तै अहिले दशैं सकेर काठमाडौं फर्कने क्रममा विभिन्न ठाउँमा दुर्घटनाहरु छिटपुट भइनै रहेका छन् भने २०७६ सालको विजयादशमी छेकामा भएको सबै भन्दा ठुलो दुर्घटना सिन्धुपाल्चोकको हो जुन दुर्घटना सुन्दा नै आङ सिरिङ गर्ने खालको छ ।

नेपालको मूख्य चाड विजयादशमी र तिहारको मुखमा नेपालीहरु बढी यात्रा गर्ने गर्छन् त्यही समयमा यातायातको कमी हुनु, भएका यातायातहरुले रिजर्भको नाममा डबल, तेब्बर भाडा असुल्नु रुटमा चल्ने बस, जीपहरुको संख्या कम हुनु । त्यसमा पनि ग्रामीण क्षेत्रका सडकहरु कच्ची हुनु जस्ता कारणहरुले गर्दा दुर्घटना हुने गरेको तथ्यांकले देखाउँछ । त्यस्तै मध्येको दुर्घटना हो सिन्धुपाल्चोकको दुर्घटना पनि जुन बसमा झण्डै ६० जना भन्दा माथि यात्रुहरु रहेका थिए भनेर भनिएको छ ।

दुर्घटना सवारी चालक र यातायात व्यवसायीका कारणले मात्र हुने जस्तो गरी हल्ला फिजाइन्छ त्यस्ता दुर्घटना हुन नदिन सबैभन्दा पहिलो प्रयास जवाफदेही निकायको हुनुपर्छ । त्यसमा सडक वैज्ञानिक ढंगबाट बनाइसकेपछिमात्र त्यस क्षेत्रमा कुनस्तरका यातायात सञ्चालन गर्ने यातायात व्यवसायीले सेवा दिन सक्ने मापदण्ड तोक्ने गर्नुपर्छ र यस्ता मुख्य चाडपर्वको अगावै सडकहरु विग्रेका भत्केका छन् भने स्तरउन्नति गरेर यातायातको साधन सहज ढंगबाट सञ्चालन गर्ने गरी बनाइदिनुपर्छ । दोश्रोमा यात्रुहरु पनि सचेत हुनुपर्छ । जबकी यात्रा गर्दा सिट नभएको अवस्थामा सानासाना नानी बोकेर, पोका, सामान यातायातमा हालेर यात्रा गर्नु हुँदैन भने अर्को रिजर्वको नाममा लिइने महँगो भाडा पनि तिर्नुहुँदैन किनकी रिजर्भको नाममा रुटमा चल्ने गाडीहरु अन्यत्र जाँदा साविक चल्ने गाडी घट्ने र मानिसको चाप बढ्ने बेलामा रुटमा गाडी घट्छ । अर्को यात्रुहरुले नै रिजर्भको नाममा बढी भाडा तिर्न उक्साएपछि सर्वसाधारण जो डब्बल, तेब्बर भाडा तिर्न नसकेकाहरु रुटमा चल्ने गाडी मात्र विकल्प हुन्छ त्यसैमा जर्वजस्ती यात्रा गर्दा दुर्घटना भएको देखिन्छ ।

तेश्रोमा व्यवसायीहरुले जुन रुटमा सेवा दिन्छु भनेर परमिट लिएको छ उसले मूख्य चाडवाडहरुमा अन्यत्र सवारीसाधन नपठाई आफ्नो रुटमा नै चलाउनुपर्छ भने यस्ता पर्वहरुमा सकेसम्म आफै पनि खटेर सेवा दिन पछि पर्नु हुँदैन अर्को चालक सहचालकहरु दशैंको बेला दिनभरी काठमाडौंबाटा यात्रु बोकेर जाने, यात्रु पुऱ्याएर तुरुन्तै फर्किहाल्ने र रातको समयमा काठमाडौं आएर फेरी दिउँसो यात्रु ओसार्ने काम गरेको साथै फर्किदा पनि त्यसै गरेको देखियो सेवा दिने उद्देश्यले ठिकै हो तर चालक एउटा मात्र हुँदा उसको शारीरिक रुपमा थकानले निदाउने, आलस्य हुँदा दुर्घटना हुन सक्छ त्यसकारण दशैंको बेला डब्बल चालक राखेर सवारी चलाई यात्रुलाई सेवा दिनुपर्छ ।

यी सबै काम भएका छन्की छैनन् भनेर यातायात व्यवस्था विभागले नेपाल प्रहरी, सेना, सशस्त्र परिचालन गरेर यातायात व्यवस्था विभाग आफैले पनि अन्य बेलाभन्दा स्वयंसेवक परिचालन गरी मुख्य चाडवाडमा हुने दुर्घटनालाई कम गराउन सकिन्छ । यसरी यातायात क्षेत्रमा सुधार गरेर सिन्धुपाल्चोकजस्तो दुर्घटना अव कतै नहोस् भनि कामना गर्नुपर्छ ।

# "सी" भ्रमणबाट नेपालले सिक्नुपर्ने पाठ

मोहन पोखरेल



**३० वर्षमा राष्ट्रपति सीले चीनका ७३ करोड जनतालाई गरिबीको रेखाबाट माथि पुऱ्याएका छन् । सी पथलाई कार्यान्वयन गर्दै र भ्रष्टाचारको जरो उखेल्दै चीनले ३० वर्षमा कृषि, व्यापार, उद्योग, शिक्षा र विकासका अन्य प्रयोजनमा मुलुकको कायापलट गरिसकेको छ । विश्वको दोश्रो महाशक्ति राष्ट्रमा आफूलाई उभ्याइसकेको छ । हामीले छातिमा हात राखेर भन्नुपर्दा बहुदल आएको ३० वर्षसम्म के गर्न सक्यौं ? मुलुकलाई कहाँ पुऱ्याएका छौं ? नेपालका नेताहरुले आत्मालोचना अवश्य गर्नुपर्ने छ र मुलुकको विकासका लागि भ्रष्टाचारलाई शुन्यमा झार्दै रात दिन नभनेर खट्नु पर्ने बेला आएको छ ।**

चिनियाँ राष्ट्रपति सिजिङपिङको बहुचर्चित नेपाल भ्रमण सकिएको छ र राष्ट्रपति सी स्वेदश फर्किसकेका छन् । विश्वको उदियमान शक्तिको रुपमा रहेको चीनका राष्ट्रपति विश्वकै दोश्रो शक्तिशाली नेता पनि हुन् । छिमेकी देश नेपालमा २३ वर्ष पछि हुन गएको विश्व शक्तिशाली नेताको यस भ्रमणले निकै महत्व राख्नु स्वभाविकै हो । तर यस भ्रमणबाट नेपालले के लाभ लिन सक्छ या सक्दैन भन्ने विषय नै महत्वपूर्ण हो । नेपालीहरुको चाहना हिमाली पारीबाट नेपालको केरुङ्ग हुँदै काठमाडौंबाट भारतीय सिमानाको लुम्बिनी सम्म रेल चलेको देख्न पाए हुन्थ्यो भन्ने हो । नेपाल सरकारको लक्ष्य पनि मित्र राष्ट्र चीनको आर्थिक सहयोगमा रेल मार्गको विस्तार गर्ने भन्ने नै हो । तर महामहिम राष्ट्रपतिको नेपाल भ्रमणले के सन्देश दिएको छ भने नेपालजस्तो अल्पविकसित राष्ट्रले विदेशी मित्रसँग ऋण लिएर खर्चिलो रेल मार्ग तयार गर्न सम्भव देखिँदैन । राष्ट्रपति तथा राष्ट्रपतिसँग रहेको उच्चस्तरीय भ्रमण दलले स्पष्टसँग यस्तो कुरा नेपाल सरकारसँग नभने पनि रेलमार्ग विस्तारमा संभाव्यता अध्ययन गरेर सहयोगी हात अगाडि बढाउने कुटनीतिक शैलीको अवलम्बन गरेको छ ।

चीन सरकारको सहयोगमा खुलेका भृकुटी कागज कारखाना लगायतका धेरैजसो कलकारखाना बन्द भएर कौडीमा पनि विक्न नसक्ने अवस्थामा पुगेका छन् । त्यस्ता रुग्ण अवस्थामा रहेका उद्योगलाई पुनः सञ्चालनमा ल्याउने बचनबद्धता चीनले व्यक्त गरेपनि चिनियाँ लगानीकर्ताहरु यस विषयमा स्पष्ट नदेखिएकोले चिनियाँ लगानीको विषयमा संसय पैदा भएको छ । यसबाहेक धेरै परियोजनाहरु ठेकेदारले काम सम्पन्न नगरेर विचैमा अलपत्र परेकाले त्यस्ता परियोजनालाई सम्पन्न गर्न चीन सरकारले चासो देखाएको छ । मेलम्ची खानेपानी आयोजना पनि त्यसैको एउटा उदाहरण हो । अर्बौं चिनियाँ मुद्रा नेपालमा खर्चिने र नेपाललाई भूपरिवेष्ठित राष्ट्रबाट भुजडित राष्ट्रमा परिणत गर्ने चीनको लक्ष्य रहेको कुरा पनि राष्ट्रपति सीले नेपाल सरकारसँग राखिसकेका छन् । नेपालका नेताहरु भ्रमण उपलब्धीमूलक रहेको भन्दै मुलुक अव चाँडै नै विश्वकै नमुना बन्ने गफाडी गफ हाँक्ने मौका पाएका छन् ।

३० वर्षमा राष्ट्रपति सीले चीनका ७३ करोड जनतालाई गरिबीको रेखाबाट माथि पुऱ्याएका छन् । सी पथलाई कार्यान्वयन गर्दै र भ्रष्टाचारको जरो उखेल्दै चीनले ३० वर्षमा कृषि, व्यापार, उद्योग, शिक्षा र विकासका अन्य प्रयोजनमा मुलुकको कायापलट गरिसकेको छ । विश्वको दोश्रो महाशक्ति राष्ट्रमा आफूलाई उभ्याइसकेको छ । हामीले छातिमा हात राखेर भन्नुपर्दा बहुदल आएको ३० वर्षसम्म के गर्न सक्यौं ? मुलुकलाई कहाँ पुऱ्याएका छौं ? नेपालका नेताहरुले आत्मालोचना अवश्य गर्नुपर्ने छ र मुलुकको विकासका लागि भ्रष्टाचारलाई शुन्यमा झार्दै रात दिन नभनेर खट्नु पर्ने बेला आएको छ ।

चीनले "गीभ एण्ड टेक" को रणनीति लिएको छ । यस रणनीति अन्तर्गत नेपाललाई फकाउन सके दक्षिण एसियामा आफ्नो प्रभाव जम्ने र त्यसको विस्तार विश्वव्यापी बन्न सक्नेमा चीन विश्वस्त छ । यही रणनीति अन्तर्गत "बेल्ट एण्ड रोड इनिसियटिभ" (वीआइआर) चीनले अघि ल्याएको हो । किनकी दक्षिण एसियाको मुलद्धार नेपाल भएको र नेपाललाई आफ्नो कब्जामा लिन सकेमा पश्चिमा शक्तिशाली राष्ट्रले अवलम्बन गरेको "इण्डो प्यासेफिक योजना असफल हुने र त्यसपछि चीन व्यापारिक क्षेत्रमा र हतियारमा समेत विश्वकै महाशक्ति राष्ट्र बन्नेछ । यही देखेर पश्चिमा राष्ट्र अमेरिकाले आफ्ना हितैषी राष्ट्रको सहयोगमा चीनको योजना असफल बनाउन" इन्डो प्यासेफिक योजना बनाएको हो ।

अर्कोतर्फ दलाई लामा समर्थक तिब्बती शरणार्थीहरुको आश्रयस्थल काठमाडौं भएको र यिनीहरु हिमालपारी तिब्बततर्फ सजिलै छिर्न सक्ने र एक चीन नीतिको विरुद्धमा लडिरहने भएकाले चीन चिन्तित छ र नेपाल सरकारका माध्यमबाट यस्तो गतिविधिलाई रोक्न चाहन्छ । विआरआई पद्धतिलाई नेपाल छिराउन तिब्बती शरणाथीको रोकथाम आवश्यक पर्ने भएकोले चीनले नेपाल सरकारसँग सहयोगको अपेक्षा चाहेको छ । यसरी चीनले "गीभ एण्ड टेक"को रणनीति लिएकोले चिनियाँ राष्ट्रपतिको भ्रमण हुन गएको बौद्धिकहरुको विश्लेषण छ ।

हाम्रा नेता तथा सरकारले के बुझ्न जरुरी भएको छ भने हामी अव यसरी मगन्ते रुपमा चल्नु हुँदैन । सधैंभरी रेलको सपना देखिरहने र अर्काले गरिदिए हुन्थ्यो भन्ने संकल्प बोक्दै दौडिरहने हो भने हामी कहिल्यै अगाडि बढन सक्दैनौ । हाम्रो देशमा मित्रराष्ट्र चीन र भारतसँग वार्गेनिङ्ग गर्ने र आफूले चाहेजस्तो गर्न सकिने प्रशस्त ठाउँ छन् । चीनले विआरआईमार्फत नेपाललाई फकाउन खोजिरहेको छ हामीले दक्षिण एसियाको मुलद्धार नेपाल भएको गर्व गर्दै चीनसँग वार्गेनिङ्ग गरी प्रशस्त सहयोग लिन सक्दछौं । इण्डो प्यासेफिकमा पनि भारत र अमेरिकासँग वार्गेनिङ्ग गर्ने हामीसँग प्रशस्त आधार छन् ।

कुटनीतिलाई राम्रोसँग बुझ्दै पश्चिमा राष्ट्र अमेरिका र हिमाल पारीको छिमेकी देश चीनसँग कतैतिर नझुकी आफ्नो तटस्थ नीतिलाई अवलम्बन गर्न सक्नुपर्दछ । कसैको पक्ष लिएर काम गर्न थाल्ने हो भने हाम्रो कुटनीति असफल हुनेछ र हामी एउटा न एउटा शक्ति राष्ट्रको मारमा पर्नेछौं । कतै पनि नढक्ने किसिमको कुटनीति संचालन गर्न सकेमा सबैको सहयोग हाम्रो देशलाई प्राप्त हुनेछ ।

कुटनीति राम्रोसँग संचालन गर्न नजान्नाले पश्चिमा मुलुक डेनमार्कले काठमाडौंको आफ्नो दुतावास नै बन्द गरिदिएको छ । क्यानडाले पनि काठमाडौंस्थित आफ्नो कन्सुलर नै बन्द गरिदिएको छ । फ्रान्स र बेलायतले काठमाडौंस्थित दूतावासमा आकार घटाउँदै लगेका छन् । यस्तो अवस्थामा वीआरआई र इन्डो प्यासेफिक रणनीति जुधेकाले हाम्रो सरकारले बडा सतर्कतापूर्वक कसैको पक्ष नलिई दुबैबाट आफ्नो स्वार्थ खिच्न सक्नुपर्दछ । "जाने श्रीखण्ड, नजाने खुर्पाको बिंड" भयो भने अवस्था घातक हुन सक्ने छ ।

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
शरण लामिछाने (शाखा प्रमुख)
नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. परिवार
हङकङ बजार, नारायणगढ चितवन, फोनः ०५६५२३०६८

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
प्रजापति दाहाल (कार्यकारी निर्देशक एवं)
भरतपुर खानेपानी व्यवस्थापन बोर्ड
भरतपुर, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
खुम नारायण श्रेष्ठ (प्रमुख एवं)
कालिका नगरपालिका परिवार
कालिका, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
धनराज पौडेल (प्रमुख एवं)
गैंडाकोट नगरपालिका परिवार
गैंडाकोट, नवलपुर

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
जितेन्द्र बस्नेत (प्रमुख जिल्ला अधिकार एवं)
जिल्ला प्रशासन कार्यालय परिवार
भरतपुर, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
लाल बदन मगर
३ नं. वडा अध्यक्ष
दोरम्बा गा.पा. परिवार

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
बीएन पाठक (अध्यक्ष)
दिनेश महत (महासचिव)
नेपाल अटो मोबाइल रिकण्डिशन एशोसिएशन परिवार

# गिरिजाप्रसाद कोइराला नेपालको लोकतान्त्रिक नेता : पूर्वराष्ट्रपति यादव

काठमाडौं । पूर्वराष्ट्रपति डा रामवरण यादवले गिरिजाप्रसाद कोइराला नेपालको लोकतान्त्रिक नेता भएको बताउनुभएको छ । गिरिजाप्रसाद कोइराला फाउण्डेशनले आयोजना गरेको 'राष्ट्रिय तथा अन्तराष्ट्रिय समितिहरूको परिचयात्मक कार्यक्रम'मा उहाँले गिरिजाप्रसाद कोइरालाजस्तो दृढ अठोट भएको नेताका कारण मुलुकमा लोकतन्त्र आएको बताउनुभयो ।

जङ्गलमा विद्रोह गरेर बसेको माओवादीलाई शान्तिप्रक्रियामा ल्याएर लोकतान्त्रिक मुलुक निर्माणमा गिरिजाबाबुको महत्वपूर्ण योगदान रहेको छ, उहाँले भन्नुभयो । पूर्वराष्ट्रपति डा यादवले कोइरालाले चारवटा राजाको सङ्गत गरेको र अन्तराष्ट्रिय समुदायले लोकतान्त्रिक नेता भनेर चिनेका कारणले नै सरकारले आतङ्ककारी घोषणा गरेको तत्कालीन नेकपा माओवादीसँग १२ बुँदे सम्झौता गर्दा पनि उहाँलाई कसैले थुन्ने आँट नगरेको उल्लेख गर्नुभयो । गिरिजाप्रसाद कोइरालालाई शान्ति, लोकतन्त्र, गणतन्त्र र सङ्घीयताबाट कसैले चाहेर पनि अलग गर्न नसक्ने उहाँको भनाइ थियो ।

पूर्वराष्ट्रपति डा यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सफल र बलियो बनाउन सबै राजनीतिक दलका नेतालाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने उल्लेख गर्नुभयो । दलका नेताले शान्ति, लोकतन्त्र र राष्ट्रहितलाई सर्वोपरि राख्नुपर्ने उहाँको भनाइ थियो ।

नेपाली काङ्ग्रेसका महामन्त्री डा शशांक कोइरालाले नेपालको तीव्र विकासका लागि कृषिको आधुनिकीकरण पहिलो प्राथमिकता भएको बताउनुभयो । "जलविद्युत, पर्यटनसँगै आधुनिक कृषिको विकासमा सरकार लाग्नुपर्छ," उहाँले भन्नुभयो ।

महामन्त्री कोइरालाले फाउण्डेशनले देश विकासको क्षेत्रमा खेलेको भूमिका अतुलनीय रहेको उल्लेख गर्नुभयो । काङ्ग्रेस केन्द्रीय सदस्य डा रामशरण महतले विपी कोइराला नेपालको प्रधानमन्त्री हुँदा एक चीन नीति अँगाल्नु भएको र त्यसले अहिले पनि निरन्तरता पाइरहेको बताउनुभयो ।

विपी कोइरालाको बेलाको संयुक्त राष्ट्रसङ्घको बैठकमा नै विपीले चीनलाई संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा राख्नुपर्ने आवाज उठाउनु भएको स्मरण डा महतले गर्नुभयो । गिरिजाबाबु प्रधानमन्त्री हुँदा देशको विकासको जग खडा भएको उहाँको भनाइ थियो ।

काङ्ग्रेस केन्द्रीय सदस्य डा शेखर कोइरालाले काङ्ग्रेसमा विचारलाई बन्देज लगाउने गरी विनियमावली बनाउन लागेको भन्दै विचारको स्वतन्त्रतामा बन्देज लगाएमा पार्टी समाप्त हुने बताउनुभयो । काङ्ग्रेस केन्द्रीय सदस्य मानबहादुर विश्वकर्माले गिरिजाबाबुको कारणले नै मुलुकमा लामो समयदेखि अस्थिर रहेको राजनीति समाप्त भएको उल्लेख गर्नुभयो ।

ट्रेकिङ एजेन्सिज् एशोसियशन अफ नेपाल (टान)का अध्यक्ष खुमबहादुर सुवेदीले नेपालको पर्यटन क्षेत्रको विकासका लागि टान फाउण्डेशनसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

काङ्ग्रेस नेत्री एवम् फाउन्डेशनका अध्यक्ष सुजाता कोइरालाले गिरिजाप्रसाद कोइरालाले अगाडि बढाउनु भएको सहमति, सहकार्य र एकताको मार्गबाटै शान्ति, लोकतन्त्र, गणतन्त्र संस्थागत भई देशमा समृद्धि आउने बताउनुभयो ।

गिरिजाप्रसाद कोइरालाले अगाडि सार्नुभएको शान्ति, लोकतन्त्र र विकासको नारालाई अगाडि बढाउन र उहाँका विचारलाई देश तथा विदेशसम्म पुऱ्याउन स्थापना भएको फाउण्डेशनले नेपालको सात प्रदेश, ७७ जिल्ला र विदेशका झण्डै एक दर्जन मुलुकमा शाखा विस्तार गरिसकेको छ ।

सोही अवसरमा फाउण्डेशनलाई क्रियाशील बनाउन सहयोग गर्ने फाउण्डेशन अमेरिका शाखाका अध्यक्ष सोमनाथ घिमिरे र एशिया प्यासिफिक क्षेत्रका अध्यक्ष सुदर्शन थापामगरलाई विशेष सम्मान तथा फाउण्डेशनलाई सहयोग गर्ने विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो ।

## अन्तर्राष्ट्रिय विपद व्यवस्थापन तथा न्यूनीकरण दिवस चितवनमा पनि मनाइने

**सुरेश कुमार अधिकारी 'मित्र'**


चितवन । अन्तर्राष्ट्रिय विपद व्यवस्थापन तथा न्यूनीकरण दिवसको अवसरमा चितवनमा पनि सप्ताहव्यापी रुपमा मनाइने यही २०७६ असोज २५ गते तैयारी बैठकको निर्णय गरियो ।

हरेक वर्ष अक्टुबर १३ तारिख अर्थात असोज २६ गते मनाइने उक्त दिवसको पूर्वसन्धयामा जिल्ला प्रशासन कार्यालय चितवनले सरोकारवाला निकयाहरुसँग बसी सप्ताहव्यापी कार्यक्रमको घोषणा गरेको छ । सोही अनुसार असोज २५ गते तैयारीको लागि बैठक, २६ गते शुभकामना सन्देश भ.म.न.पा. तथा जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय व्यवस्थापन समितिको वेभसाइट र अनलाइनहरुमा प्रशारण, प्रकाशन गर्ने २७ गते सम्भाव्य जोखिमयुक्त स्थान विशेषको बासिन्दासँग अनुभव आदानप्रदान गर्ने र उक्त कार्यक्रम ट्राफिक प्रहरी कार्यालय स्थानीय तहसँग चौविस कोठीमा विहान ५ बजे गर्ने, २९ गते निर्माण व्यवसायी र निर्माण सम्बन्ध प्रतिनिधि, परामर्शदाताहरुबीच अन्तरक्रिया सबै स्थानीय परिसंवाद कार्यक्रम गर्ने, कार्तिक १ गते विपद र तत्पश्चातको सुरक्षामा आधारित प्रदर्शनी नेपाल रेडक्रस तथा विपद व्यवस्थापन महा विद्यालय कुरिनटारसँग समन्वय गर्ने र अन्तिम दिन कार्तिक २ गते प्रभात फेरी गर्ने निर्णयका साथ कार्यक्रमहरु शुरु भएको घोषणा गरियो । उक्त कार्यक्रमको बैठकमा गैरसरकारी संस्था महासंघ चितवन शाखाका अध्यक्ष श्री सुरेश कुमार अधिकारी, बोर्ड सदस्य रामचन्द्र आचार्य, नेपाल रेडक्रस सोसाइटी जिल्ल शाखा चितवनका अध्यक्ष ज्ञानशाली न्यौपाने सहित सरोकारवाला निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

## बिपीले यसरी शुरु गर्नुभएको थियो 'चियापान समारोह'

**–भीष्मराज ओझा**

काठमाडौं । नेपाली काङ्ग्रेसले आज कोजाग्रत पूर्णिमाको अवसर पारेर चियापान समारोह तथा शुभकामना आदानप्रदान कार्यक्रम गर्दैछ । विसं २०३३ मा जननेता बिपी कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केपछि २०३५ सालदेखि प्रत्येक वर्ष काङ्ग्रेसले कोजाग्रत पूर्णिमाको दिनमा चियापान समारोह गर्दै आएको छ ।



काङ्ग्रेस संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला भारत प्रवासबाट राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केपछि उहाँलाई विभिन्न पेशा व्यवसायका व्यक्ति र राजनीतिकर्मी, कूटनीतिक निकायका प्रतिनिधि व्यक्ति भेट्न आउँथे तर तत्कालीन शासकका गुप्तचरहरुले भेट्न आउने व्यक्तिलाई चियोचासो र केरकार गर्थे । त्यसपछि दशैंको अवसरमा टीका लगाउने तथा भेट्न सजिलो हुन्छ भनेर बिपीले चियापान समारोह शुरु गर्नुभएको काङ्ग्रेसको इतिहासका लेखक पुरुषोत्तम बस्नेतले जानकारी दिनुभयो ।

भेटघाट र जमघटका लागि अरु बेला कुनै अवसर पनि नहुने भएपछि दशैंको पूर्णिमाको दिन मेलमिलापको अवसर हुन्छ भनेर चियापान शुरु गर्नुभएको र पछि पार्टीले त्यसलाई निरन्तरता दिएको इतिहासकार बस्नेतको भनाइ छ । बिपीको निधनपछि पञ्चायत कालको अन्तितिर पनि लेखक, बुद्धिजीवी, पत्रकार, कवि, कूटनीतिक निकायका प्रतिनिधि, राजनीतिज्ञलगायत सबै एकै स्थानमा भेट्नलाई चियापान समारोहलाई अवसरका रुपमा लिइएको थियो । पछि अरु पार्टीले पनि काङ्ग्रेसले शुरु गरेको चियापान समारोहलाई पछ्याउँदै गएको उहाँले बताउनुभयो ।

चियापान कार्यक्रम अहिलेको राजनीतिक परिस्थितिमा पनि सबै पार्टीका शीर्ष नेता एकै स्थानमा जम्मा हुने तथा भेटघाट गर्ने अवसरका रुपमा स्थापित भएको छ । काङ्ग्रेसले यस वर्ष पनि सो परम्परालाई निरन्तरता दिँदै विजयादशमी, तिहार, नेपाल संवत, छठलगायत पर्वका अवसरमा आज अपराह्न १ देखि साँझ ५ बजेसम्म पार्टी केन्द्रीय कार्यालय सानेपामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गरिएको पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, मन्त्री, संवैधानिक निकायका प्रमुख, सांसद, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकायका प्रमुख, कूटनीतिक नियोगका प्रमुख, उद्योगपति एवं व्यवसायी, नागरिक समाजका अगुवा, मानवाधिकारकर्मी, सञ्चारकर्मीलगायत विशिष्ट महानुभाव एवं शुभेच्छुकको सहभागिता रहने प्रवक्ता शर्माले बताउनुभयो । यस वर्षको चियापन समारोहमा काङ्ग्रेसले रक्तदान कार्यक्रम पनि थप गरेको छ ।

काङ्ग्रेसले काठमाडौं उपत्यकाका तीन जिल्लाको हकमा केन्द्रीय कार्यालयमा र बाँकी ७४ जिल्लाका सदरमुकाममा सम्बन्धित जिल्ला कार्यसमितिले चियापान समारोह आयोजना गरेको पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
कुमार गिरी (प्रहरी महानिरीक्षक)
जिल्ला ट्राफिक कार्यालय
भरतपुर, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
निर्देशक
चितवन हस्पिटल प्रा.लि. परिवार
भरतपुर, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
प्र.नि. रविन बाबु रेग्मी, कार्यालय प्रमुख
वडा प्रहरी कार्यालय
नारायणगढ, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
एड्भान्स कम्युनिटी हस्पिटल परिवार
भरतपुर-१०, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
रक्षा हस्पिटल परिवार
भरतपुर-१०, चितवन

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
गणेशखर शर्मा एवं
साप्ताहिक चितवन परिवार
भरतपुर महानगरपालिका-११, चितवन

गोकर्णेश्वर नगरपालिकाको करदातालाई अनुरोध
तपाई हाम्रै घर आगनमा रहेको वडा कार्यालयहरुमा गई गोकर्णेश्वर नगरपालिकालाई आफुले तिर्न/बुझाउन पर्ने बहाल कर, सम्पत्ति कर, मनोरञ्जन करलगायतका कर बुझाई असल र सभ्य नागरिकको परिचय दिदै गोकर्णेश्वर नगरपालिकाले धोषणा गरेको कर अभियान वर्ष २०७६/०७७ लाई सफल पार्न सहयोग गरौं ।
गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ, सफा, हराभरा राखौं ।
- सम्पति कर :- घर र जग्गामा लाग्ने कर ।
- भुमि कर :- सम्पत्ति करका लागि लिइने जग्गा बाहेकको जग्गामा जग्गाको वर्ग अनुसार लाग्ने कर ।
- बहाल कर :- प्राप्त बहाल रकमको १० प्रतिशतले हुन आउने रकम ।
- व्यवसाय कर :- व्यवसायको प्रकृति अनुसार नियमानुसार लाग्ने कर ।
- मनोरञ्जन कर :- ५ प्रतिशतले हुन आउने रकम ।
- घटना दर्ता :- जन्म, मृत्यु,विवाह, बसाइसराई र सम्बन्ध बिच्छेद समयमा नै दर्ता गर्ने ।

मंगलमय शुभकामना
विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा
हार्दिक मंगलमय शुभकामना
साल्ट ट्रेडिङ कर्पोरेशन लि.
कालिमाटी, काठमाडौं

# दुई खर्ब बढी लागतमा दुई आयोजना नेपाल र चीनका सरकारी कम्पनीले निर्माण गर्ने

काठमाडौं । सरकारी स्वामित्वको हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडीसीएल) र चीनको पावर चाइनाले संयुक्तरुपमा दुई जलाशयुक्त आयोजना संयुक्तरुपमा निर्माण गर्ने भएका छन् । ती आयोजनाको कूल लागत रु दुई खर्ब बढी रहने छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङका नेपालको दुई दिवसीय राजकीय भ्रमणमा क्रममा आज ती आयोजना निर्माण गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनका अनुसार कूल ७६२ मेगावाट क्षमताको तमोर जलाशययुक्त आयोजना र १५७ मेगावाट क्षमताको माडी खोला जलाशयुक्त आयोजना निर्माण गर्ने विषयमा समझदारी भएको हो ।

नेपाल र चीनका दुई सरकारी कम्पनीको समन्वयमा प्रदेश नं १ मा रहेको रणनीतिक महत्वको तमोर जलविद्युत् आयोजना निर्माण गर्ने समझदारी भएको हो । प्रधानमन्त्री अध्यक्ष रहने लगानी बोर्डमा पेश गरिएको प्रस्तावमा एचआइडीसीएल र पावर चाइनाले विभिन्न ढाँचा प्रस्ताव गरेका थिए । मन्त्री पुनका अनुसार आगामी एक वर्षभित्र आयोजनाको निर्माणसम्बन्धी सबै तयारी गर्ने छ । उहाँका अनुसार माडी जलाशययुक्त आयोजना प्रदेश नं ५ को रोल्पामा अवस्थित छ ।

एचआइडीसीएलका प्रमुख कार्यकारी अधिकृत छविराज पोखरेलका अनुसार लामो समयदेखि चर्चामा रहेको तर प्रक्रिया अगाडि बढ्न नसकेको तमोर जलाशययुक्त आयोजनालाई सरकारी-सरकारी कम्पनीबीचको साझेदारीमा निर्माण गर्ने गरी छनोट भएको छ । लगानी बोर्डमा त्यससम्बन्धी प्रस्ताव यसअघि नै दर्ता भएको थियो ।

नेपाल र चिनियाँ सरकारी कम्पनीबीचको सहकार्यमा आयोजना निर्माणको समझदारी भएको यो पहिलोपटक हो । हालसम्म यो ढाँचामा आयोजना निर्माण भएका थिएनन् । नेपाल र चीनको निजी कम्पनीको सहकार्यमा सिनो सगरमाथा हाइड्रोपावरले लमजुङमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ तर सरकारीस्तरमा नै आयोजना निर्माणका लागि सरकारी कम्पनीस्तरको प्रयास भने यो पहिलोपटक हो ।

यसअघि नै बोर्डमा गरिएको प्रस्तावमा पनि दुई वटा ढाँचा प्रस्तुत गरिएको थियो । त्यसमा नेपाली साझेदार र सर्वसाधारणको ४६ प्रतिशत तथा पावर चाइनाको ५४ प्रतिशत लगानी हुने गरी प्रस्ताव गरिएको थियो ।

यस्तै दोस्रो प्रस्तावमा एचआइडीसीएल, नेपाली लगानीकर्ता र सर्वसाधारणको गरी कूल ७१ प्रतिशत लगानी रहने प्रस्ताव गरिएको थियो । त्यसमा पावर चाइनाको मात्रै २९ प्रतिशत लगानी हुने प्रस्ताव गरिएको थियो । सोही प्रस्तावअनुसार नै आयोजना अगाडि बढाइनेछ तर लगानीको मात्रा के कति हुने भन्नेबारेमा भने केही बताइएको छैन ।

सरकारले प्रस्ताव गरेअनुसार प्रदेश नं १ को ऊर्जा सुरक्षाका लागिसमेत महत्वपूर्ण मानिएको सो आयोजनालाई सरकारी कम्पनीस्तरमा नै अगाडि बढाउने गरी प्रस्ताव गरिएको एचआइडीसीएलका प्रमुख कार्यकारी अधिकृत पोखरेलको भनाइ छ ।

समझदारीपत्रमा उपस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेका अनुसार माडी जलाशययुक्त आयोजनामा एचआइडीसीएलको २६ प्रतिशत र पावर चाइनाको ७४ प्रतिशत लगानी रहनेछ । तमोर आयोजनाको ऋण व्यवस्थापन तथा अन्य कार्य पावर चाइनाले गर्नेछ । सोहीअनुसार नै समझदारी गरिएको पोखरेलको भनाइ छ । सार्वजनिक - निजी साझेदारीमा आयोजना निर्माण गर्ने गरी प्रस्ताव गरिएको हो । सो आयोजनालाई पूर्वको मोतीका रुपमा समेत ऊर्जा क्षेत्रमा लिने गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहत रहेको एचआइडीसीएलले निर्माणाधीन विभिन्न जलविद्युत् आयोजनामा लगानी गरेको छ । गत चैत १५ र १६ गते सम्पन्न भएको लगानी सम्मेलनमा ऊर्जातर्फ सोही आयोजनाका लागि दुई वटा प्रस्ताव प्रस्तुत भएको थियो । सो आयोजनाको अनुमानित लागत रु एक खर्ब ८० अर्ब जति लाग्नेछ ।

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएपछि मात्रै के कति लगानी लाग्ने हो त्यसको पुष्टि हुनेछ । गत साउन १६ गतेको बोर्ड बैठकले एचआइडीसीएल तथा पावर चाइना संयुक्त र कतारको नेब्रस पावर तथा जापानको फुजी इलेक्ट्रिकलाई छनोट गरी प्रस्ताव माग गरिएको थियो । हाल उक्त प्रस्तावमाथि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको संयोजकत्वमा गठित समितिले मूल्याङ्कन गरेको थियो । सोही समितिको मूल्याङ्कनअनुसार नै आज समझदारीपत्रमा हस्ताक्षर भएको हो । लगानी सम्मेलनमा आएको प्रस्तावका आधारमा निर्णय भएको समझदारीपत्र हस्ताक्षर समारोहमा सहभागीले बताएका छन् ।

तमोर जलाशयुक्त आयोजना निर्माणपछि हाल निर्माण भई सञ्चालनमा आइसकेको एक र निर्माणाधीन आयोजनासमेत विस्थापित हुनेछ । ऊर्जा उत्पादनको हिसाबले बूढीगण्डकी जलविद्युत् आयोजनाको हाराहारीमा नै सो आयोजनासमेत रहेकाले पनि आकर्षक आयोजनाको रुपमा लिइन्छ ।

आयोजनाबाट विशेष गरी पूर्वी नेपालको पाँचथर, ताप्लेजुङ, तेह्रथुम र सङ्खुवासभा जिल्ला प्रभावित हुनेछ । बूढीगण्डकी जलविद्युत् आयोजनामा करीब ५० हजार बासिन्दालाई क्षतिपूर्ति दिएर हटाउनुपर्ने अवस्था रहेको छ । तमोरमा भने असाध्यै कम मात्रै क्षतिपूर्ति दिनुपर्ने अनुमान गरिएको छ । हस्ताक्षर समारोहमा मन्त्री पुन, सचिव घिमिरे र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीलगायतको सहभागिता थियो भने पावर चाइनाका उच्च अधिकारी सहभागी थिए ।

## मनाइयो कोजाग्रत पूर्णिमा

काठमाडौं । आश्विन शुक्ल पूर्णिमाका दिन मनाइने कोजाग्रत पूर्णिमा सम्पन्नताकी देवी महालक्ष्मीको पूजा आराधना गरी रातभर जाग्राम बसेर मनाइँदै छ ।

आश्विन शुक्ल प्रतिपदाका दिनदेखि शुरु भएको दुर्गा पक्ष अर्थात् दशैं पर्व कोजाग्रत पूर्णिमाका दिन सम्पन्नताकी देवी महालक्ष्मीको पूजा आराधना गरी राति जाग्राम बसेपछि समापन हुन्छ । विजया दशमीका दिनदेखि शुरु भएको मान्यजनबाट दुर्गा देवीको प्रसाद टीका र जमरा ग्रहण गर्ने क्रम पनि आजैबाट अन्त्य भएको छ ।

राति जाग्राम बसेकाको घरमा पृथ्वी भ्रमण गर्दै हिँडेकी महालक्ष्मी प्रवेश गरी धन, ऐश्वर्य दिई सम्पन्न बनाउँछिन् भन्ने धार्मिक विश्वासका आधारमा आज मध्यराति महालक्ष्मीको पूजा आराधना गरी जाग्राम बसिन्छ । माता दुर्गाका तीन रुपमध्येका एक रुप महालक्ष्मीको पूजा गरेर आज दुर्गा पक्षलाई बिदा गरिन्छ । नवरात्र विजया दशमीकै दिन सकिने भए पनि दुर्गा पक्ष भने आश्विन शुक्ल पूर्णिमाका दिनमा अर्थात् आजै समाप्त हुन्छ ।

मध्यरातमा पूर्णिमा तिथि परेकाले कोजाग्रत पूर्णिमा आजै मनाउनुपर्ने निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । सबै बलि दिने काम भने शनिबार नै सम्पन्न भएको उहाँले बताउनुभयो । पूर्णिमा ब्रत, आकाशदीप दान र कात्तिक स्नान पनि आजैदेखि शुरु भएको छ । बाँस, बाँस नपाएमा पलाँस, खयर, पीपल, आदिको लिङ्गो ठड्याई आकाशदीप दान गरिन्छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म घर घरमा विशेषरुपमा गरिने तुलसी पूजा पनि आज बिहानदेखि नै शुरु भएको छ । आइतबारदेखि तुलसी पूजा गरी कात्तिक शुक्ल एकादशीका दिन दामोदरसँग तुलसीको विवाह गरिन्छ । विवाहपछि मार्गशीर्ष कृष्ण पञ्चमीसम्म विधिपूर्वक यज्ञ गरेर चतुर्मासा व्रत समापन हुन्छ । आषाढ शुक्ल एकादशीदेखि शुरु भएको तुलसी पूजा आजदेखि कार्तिक स्नान एवम आकाशदीप दानसहित विशेष रुपमा गर्ने शास्त्रिय विधान छ ।

## सौराहामा पर्यटकीय सूचना केन्द्र निर्माण गरिने


चितवन । चितवन राष्ट्रिय निकुञ्जले पर्यटकलाई विस्तृत सूचना दिन सौराहामा पर्यटकीय सूचना केन्द्र निर्माण गर्नेभएको छ ।

निकुञ्जको वार्षिक कार्यक्रमअनुसार सौराहामा रहेको सम्पर्क कार्यालयमा डिजिटल डिसप्लेसहित आधुनिक सूचना केन्द्र स्थापना गर्न लागिएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गोपाल घिमिरेले जानकारी दिनुभयो ।

केन्द्र निर्माणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले रु एक करोड विनियोजन गरेको छ । सूचना अधिकारी घिमिरेकाअनुसार रु ६० लाखमा भवन निर्माण गरिने छ भने रु ४० लाखमा आठ वटा डिजिटल डिसप्ले, पुस्तक, ब्रुसर र अन्य उपयोगी सामग्री राखिने छ । नेपाल भ्रमण वर्ष, २०२० लाई सफल बनाउन केन्द्रले महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ । भ्रमण वर्ष आउन केही समय रहेकाले केन्द्र निर्माण गर्न निकुञ्जले सक्रियता बढाएको छ ।

केन्द्रमा निकुञ्जभित्र प्रवेश सम्पूर्ण अवस्थाको बारेमा अध्ययन गर्न सकिने छ । छोटो भ्रमणमा आउनेहरुले आफू जान नसकेका ठाउँहरुको बारेमा पनि जानकारी लिन सक्ने छन् । केन्द्रले निकुञ्जमा भएको वन, वन्यजन्तु, वनस्पति र जनवारको विषेशताको बारेमा पर्यटकलाई जानकारी दिएसँगै यसको विश्वव्यापी प्रचारप्रसार हुने निकुञ्जको विश्वास छ ।

Standard Chartered




Achieve your financial goals by banking with the Bank that banks the World.

Whether you are saving for an investment or securing your family's future; or working on a plan that connects you to the wider world, Standard Chartered provides the perfect platform. Our extensive network & strong cross border abilities make us the bank of your choice for all your banking solutions.

As an integral part of a leading banking group, we serve in more than 60 of the world's most dynamic markets. Our purpose is to drive commerce and prosperity through our unique diversity, and our heritage and values are expressed in our brand promise, Here for good.

Widen your global network by banking safely and securely at your doorstep.

Open an account today!

To open your account online, log in to our website or visit our nearest branch today.

sc.com/np

Here for good

*Terms and conditions apply.

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

डिभजन वन कार्यालय, चितवन
प्रदेश नं. ३, भरतपुर चितवन
प्रो. शंकर एण्ड सन्स

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रेमा साई ज्वेलर्स
साइ सुनचांदी पसल
मिलनरोग, नारायणगढ, चितवन
प्रो. शंकर एण्ड सन्स

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

बि. हेन्सी टेलरिङ एण्ड सर्टिङ सुटिङ सेन्टर
भरतपुर-३, शहिदचोक, नारायणगढ, चितवन
फोन नं.: ०५६-५७१५८६

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

सुनिल थापा (प्रमुख)
प्रहरी चौकी नारायणगढ
केन्द्रीय बसपार्क, चितवन

# सबै तहमा सम्बन्ध बढाउन नेकपा र चिनियाँ कम्युनिष्ट पार्टी सहमत

